# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१



वर्ष ३८ | अंक १८७ | बुटवल | २०८३ असार २९ गते, सोमबार | नेपाल संवत ११४६ | Monday July 13, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


# शिक्षा नियमावली संशोधनप्रति शिक्षक महासंघ असन्तुष्ट

शैक्षिक संस्थाका छाता संगठनहरू प्याब्सन, एन प्याब्सन, हिसान र अपेनले बजेट तथा शिक्षा नियमावलीका केही प्रावधानप्रति आपत्ति जनाउँदै नियमावली पुनरावलोकन गर्न माग गरेका छन्।





बुटवल । नेपाल शिक्षक महासंघले शिक्षा नियमावली (दशौँ) संशोधनप्रति असन्तुष्टि जनाएको छ । आफ्नो शासकीय सहजताको खातिर मात्र ल्याइएको जनाएको छ ।

महासंघले आइतबार एक विज्ञप्ति जारी गर्दै नेपाल सरकारबाट २०८३।३।२५ जारी भएको शिक्षा नियमावली (दशौँ संशोधन आफ्नो शासकीय सहजताको खातिर मात्र ल्याइएको भन्दै असन्तुष्टि जनाएको हो ।

संशोधनले नेपाली शिक्षक कर्मचारीको पेसागत ट्रेड युनियन माथि घुमाउरो ढङ्गबाट प्रहार गरी पेसागत संस्थाको सहज सञ्चालन बाधित गरेको आरोप लगाएको छ ।

यो नियमावलीले अस्थायी प्रकृतिका करीब एक लाख शिक्षक (राहत, साविक उमावि, सिकाइ अनुदान, बालविकास शिक्षा, अस्थायी र करार, प्राविधिक धारलगायत) र विद्यालय कर्मचारीको समस्या र पीडाको निदानका लागि सम्बोधन गर्नुपर्ने विषयलाई उपेक्षा गरेको विज्ञप्तिमा उल्लेख गरेको छ। साथै निजी लगानीका (संस्थागत) विद्यालयका शिक्षकका समस्या र पीडामा पनि यो नियमावलीले कुनै सरोकार नराखेको महासंघको भनाइ छ ।

विद्यालय शिक्षालाई संविधानको साझा अधिकार सूचीमा राखेर सङ्घ, प्रदेश र स्थानीय तहकाबीच अधिकारको प्रष्ट बाँडफेंड हुनुपर्छ भन्ने माग उठिरहेको बेला यो संशोधनले यस विषयमा सरकार सकारात्मक नभएको प्रष्ट पारेको उल्लेख गर्दै निकट भविष्यमा हुने संविधान संशोधन र नयाँ ऐन निर्माणका सन्दर्भमा यो संशोधनले यस विषयलाई कमजोर गराउने दिशा लक्षित गरेको आरोप लगाएको छ ।

यो संशोधनबाट निकै ठूलो सुधार र सहजताको आशा लिएर बसेका सबै शिक्षक कर्मचशीलाई यसले निराश तुल्याएको अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले बताए ।

संशोधनबाट सरकारले आम शिक्षक कर्मचारीको समस्यामा राज्यबाट न्याय हुन्छ भन्ने विश्वास भत्काउँदै शिक्षक- कर्मचारीलाई नयाँ शिराबाट कडा आन्दोलन गर्न बाध्य तुल्याएको अध्यक्ष सुवेदीले बताए ।

यसैबिच बजेट तथा शिक्षा नियमावलीप्रति असन्तुष्टि जनाउँदै निजी शैक्षिक संस्थाहरूले सरकारलाई आफ्ना ६ बुँदे माग तत्काल सम्बोधन गर्न आग्रह गरेका छन् ।

आइतबार काठमाडौंमा पत्रकार सम्मेलन गरी निजी शैक्षिक संस्थाका छाता संगठनहरू प्याब्सन, एनप्याब्सन, हिसान र अपेनले बजेट तथा शिक्षा नियमावलीका केही प्रावधानप्रति आपत्ति जनाएका छन् । उनीहरूले ती व्यवस्था निजी शिक्षा क्षेत्रको सञ्चालनमा प्रतिकूल प्रभाव पार्ने दाबी गरेका छन् ।

उनीहरूले संस्थाहरूले कर तथा शुल्कसम्बन्धी व्यवस्था पुनरावलोकन, शिक्षा नियमावलीका विवादित प्रावधान संशोधन, निजी शैक्षिक संस्थाको स्वायत्तताको संरक्षण, लगानीमैत्री वातावरणको सुनिश्चितता, नीतिगत स्पष्टता तथा सरोकारवालासँग पर्याप्त परामर्शपछि मात्रै नयाँ व्यवस्था लागू गर्नुपर्ने माग गरेका छन् ।

उनीहरूले उच्च शिक्षामा सबै वर्गका विद्यार्थीको पहुँच सुनिश्चित गर्न विनाधितो सहुलीयतपूर्ण ब्याजदरमा कम्तीमा १० लाख रूपैयाँसम्मको शैक्षिक ऋण उपलब्ध गराइनुपर्ने र 'पढ्दै कमाउँदै' कार्यक्रमलाई निजी क्षेत्रसँगको साझेदारीमा प्रभावकारी रूपमा विस्तार गरिनुपर्ने माग गरेका छन् ।

एक तथ्याङ्क अनुसार देशभर सञ्चालित १० हजार ४७१ निजी विद्यालयहरूमा करिब ३७ लाख ४१ हजार विद्यार्थी अध्ययनरत छन्। यस क्षेत्रले देशको अर्थतन्त्र, रोजगारी सिर्जना तथा शैक्षिक पूर्वाधारमा उल्लेखनीय योगदान पुऱ्याइरहेको कुरा विज्ञप्तिमा उल्लेख छ। प्याब्सनका अध्यक्ष कृष्णप्रसाद अधिकारीले निजी शैक्षिक संस्थाहरूले सार्वजनिक बिदा र शैक्षिक क्यालेन्डर निर्धारण गर्दा सरोकारवालाहरूसँग पर्याप्त परामर्श गरिनुपर्ने बताउँदै नीतिगत स्थायित्वका लागि शैक्षिक सत्र सुरु हुनुभन्दा कम्तीमा ६ महिना अगावै निर्णय गरिनुपर्नेमा पनि जोड दिएका छन् ।

शिक्षा नियमावलीको दसौँ संशोधनमा समेटिएका कतिपय बुँदाहरूले विद्यालय व्यवस्थापन, अनुशासन र उत्तरदायित्वमा जटिलता सिर्जना गर्ने देखिएकाले विद्यार्थीको अधिकार र विद्यालयको संस्थागत उत्तरदायित्वबिच सन्तुलन कायम हुने गरी ती व्यवस्थाहरूको पुनरावलोकन गर्न आग्रह गरेका छन् ।

## शैक्षिक परामर्श संघ–संस्थाहरूको आपत्ति

बुटवल । 'शैक्षिक परामर्श भाषा शिक्षण तथा तयारी नियमावली २०८३' प्रति शैक्षिक परामर्श संघ-संस्थाहरूले आपत्ति जनाएका छन् ।

१४ वटा शैक्षिक परामर्श संघसंस्थाहरूले विज्ञप्ति निकालेर मन्त्रिपरिषद्बाट स्वीकृत भएको नियमावलीप्रति आपत्ति जनाएका हुन्। नियमावलीमा अव्यावहारिक धरौटीसम्बन्धी व्यवस्था रहेको, अत्यधिक प्रशासनिक नियन्त्रण तथा जटिल प्रक्रिया रहेको, अस्पष्ट कानुनी व्यवस्था तथा स्वेच्छाचारी व्याख्याको जोखिम रहेको भन्दै उनीहरूले उक्त नियमावीप्रति आपत्ति जनाएका हुन् ।

उक्त अव्यावहारिक धरौटीसम्बन्धी व्यवस्था पूर्णमा रूपमा हटाउनुपर्ने, विद्यार्थीको सुरक्षा र आर्थिक हित संरक्षण गर्न धरौटीको सट्टा उपयुक्त बीमा, क्षतिपूर्ति तथा संरक्षण प्रणाली लागुगर्ने पर्ने लगायत माग उनीहरूले राखेका छन् ।

## जेनजी अभियन्ता अन्सारीमाथि प्रहरी दमन

बुटवल । जेनजी अभियन्ता माजिद अन्सारीको टाउको र अनुहारमा चोट लागेपछि उपचारका लागि अस्पताल लगिएको छ ।

शनिबार राति बागमतीमा आएको बाढीले कीर्तिपुरस्थित होल्डिङ सेन्टर डुबानमा परेको थियो । होल्डिङ सेन्टरमा राखिएका सुकुम्वासी विचल्लीमा परेका थिए ।

उनीहरूलाई सघाउन शनिबार होल्डिङ सेन्टर पुगेका माजिदसहित तीन जना जेनजी युवालाई प्रहरीले पक्राउ गरेको थियो । पक्राउ पर्नेमा नहेन्द्र खड्का र सरिश्मा थापा छन् । दुवै जनालाई भने रिहा गरिएको छ ।

उनीहरूलाई पक्राउ गर्ने क्रममा प्रहरीले माजिदलाई कुटपिट गरेको थियो । कुटपिटबाट उनी घाइते भएको जेनजी अभियन्ता तनुजा पाण्डेले जनाएकी छन् । जेनजी अभियन्ता तनुजाका अनुसार, माजिको टाउको र अनुहारमा चोट लागेको छ । प्रहरीले बुटले प्रहार गर्दा गम्भीर चोट लागेको तनुजाले जनाएकी छन् । सामाजिक सञ्जालमार्फत् भनेकी छन्-'प्रारम्भिक जानकारीअनुसार, प्रहरीको कुटपिटका क्रममा टाउको र अनुहारमा बुटले प्रहार गरिएकाले उनको अनुहार तथा शरीरको माथिल्लो भागमा गम्भीर चोट लागेको बताइएको छ ।'

शनिबार राति माजिदलाई उपचारका लागि त्रिवि शिक्षण अस्पताल लगिएको उनले जानकारी दिएकी छन् ।

यसैबिच नेपाल जेनजी फ्रन्टले प्रेस विज्ञप्ति जारी गरी जेनजी युवामाथि भएको दमनको भर्त्सना गरेको छ । घाइते माजिदको उपचारको व्यवस्था गर्न माग गरेको छ ।

## सुकुम्वासीलाई झन् जोखिममा धकेलेको भन्दै कांग्रेसको आपत्ति



बुटवल । प्रमुख प्रतिपक्षी नेपाली कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले सुकुम्वासी बस्तीबाट हटाइएका नागरिकलाई सरकारले अझ भयावह जोखिममा धकेलेको भन्दै आपत्ति जनाएका छन् । उनले सुकुम्वासीको सुरक्षित व्यवस्थापन गर्ने भन्दै प्रधानमन्त्री बालेन शाहले गरेको सार्वजनिक प्रतिबद्धताप्रति पनि प्रश्न उठाएका छन् ।

'प्रधानमन्त्रीजीले गरेको एउटा सार्वजनिक प्रतिबद्धता आज पनि सम्झिन्छु- ज्यान जोखिममा रही असुरक्षित स्थानमा बसोबास गरिरहेका नागरिकका लागि सुरक्षित तथा व्यवस्थित स्थानान्तरणको व्यवस्था गरिने' म प्रधानमन्त्रीजीलाई सोध्न चाहन्छु, त्यो प्रतिबद्धता कहाँ हरायो ? के यही हो तपाईंले वाचा गर्नुभएको सुरक्षित र व्यवस्थित व्यवस्थापन ?' -आङ्देम्बेले भने ।

उनका अनुसार जोखिमबाट जोगाउने नाममा विस्थापित गरिएका सुकुम्बासी नागरिकलाई राखिएको कीर्तिपुरको होल्डिङ सेन्टर नै डुबानमा परेपछि सरकारले उनीहरूलाई जोखिमबाट मुक्त गरेको नभई एउटा जोखिमबाट निकालेर अर्को अझ भयावह जोखिममा धकेलेको यथार्थ उजागर भएको बताएको उनको सचिवालयले जानकारी दिएको छ ।

» बाँकी ३ पेजमा

## उच्च सतर्कता अपनाउन आग्रह

बुटवल । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले सोमबार (आज) पूर्वीक्षेत्र तथा मधेशका केही स्थानमा भारी वर्षाको सम्भावना रहेकाले उच्च सतर्कता अपनाउन आग्रह गर्दै एड्भाइजरी जारी गरेको छ। मनसुनजन्य विपद्को जोखिमलाई न्यूनीकरण गर्न सबै सरोकारवाला निकायसँगको समन्वयलाई तीव्र बनाइएको उसले बताएको छ ।

प्राधिकरणको आइतबार बसेको बैठकमा मनसुनजन्य विपद्को तयारी र सरोकारवाला निकायले गरेका कामको प्रगति समीक्षा गर्दै विवरण संकलन अद्यावधिक गरेको हो । प्राधिकरणका कार्यकारी प्रमुख तथा सहसचिव प्रदीपकुमार कोइरालाले मनसुन अवधिमा जनधनको क्षति न्युनीकरणका लागि सरकार पूर्ण तयारीमा रहेको जानकारी गराए ।

असार ४ गते बसेको बैठकले विभिन्न निकायलाई आवश्यक निर्देशन दिएको थियो । सोही निर्देशनको कार्यान्वयन अवस्था समीक्षा गर्न बैठक आयोजना गरिएको उनले बताए । हाल देशभर मनसुन सक्रिय रहेकाले जल तथा मौसम विज्ञान विभागले जारी गर्ने विशेष बुलेटिनका आधारमा प्राधिकरणले आवश्यक एड्भाइजरी जारी गरिरहेको पनि जानकारी उनले दिए ।

» बाँकी ३ पेजमा

## दसैंसम्म सरकार टिकाएर देखाऊ : दुर्गा प्रसाईं

बुटवल । मेडिकल कलेज सञ्चालकसमेत रहेका नागरिक बचाउ अभियानका संयोजक दुर्गा प्रसाईंले प्रधानमन्त्री बालेन्द्र शाह (बालेन)लाई दसैंसम्म सरकार टिकाएर देखाउन चुनौती दिएका छन् । एल्गोरिदमले पनि बालेनलाई साथ दिन छाडेको उनको दाबी छ ।

आइतबार भक्तपुरस्थित आफ्नै निवासमा पत्रकार सम्मेलन गरी प्रसाईंले सरकारको कार्यशैलीका कारण यो सरकार धेरै नटिक्ने दाबी गरेका हुन् ।

'दसैंसम्म हेर । तिमीहरू दसैंसम्म टिकाओ न सरकार । जुन बाटो आएका थियौ नि धुवा धुलो, आगोको लप्का, तिमीहरूलाई पनि पर्नेवाला त्यही छ । सिकाएको तिमीहरूले हो, गुरु त तिमीहरू नै हौ,' प्रसाईंले भने-'अब धेरै दिन छैन । यो व्यवस्था नेपाल र नेपाली जनताका लागि फिजिबल छैन । यो व्यवस्थाले अलिअलि भएका मान्छेलाई झुन्डिएर मर्ने र शरीरमा आगो लगाउने बनायो ।'

» बाँकी ३ पेजमा

## ७७ वटै जिल्लाबाट मागियो नसुल्झिएका 'केस'को अनुसन्धान मिसिल

बुटवल । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोले ७७ वटै जिल्ला प्रहरी कार्यालयले सुल्झाउन नसकेका गम्भीर प्रकृतिका अपराध अनुसन्धानको मिसिल मागेको छ । काठमाडौं उपत्यकाको हकमा काठमाडौं उपत्यका प्रहरी कार्यालय र उपत्यकाबाहिरको हकमा ७ वटै प्रदेश प्रहरी कार्यालयलाई परिपत्र गर्दै मिसिल मागिएको हो ।

त्यसो त ठूला घटना सुल्झन नसकेपछि सम्बन्धित प्रदेश प्रहरी कार्यालयले सीआइबी आवश्यक ठानेको अवस्थामा केन्द्रबाटै सीआइबीको टोली परिचालित हुँदै आएको छ। कतिपय घटनाहरूको अनुसन्धान सफल पनि भएका छन् । सीआइबीको नेतृत्वमा एआइजी उमाप्रसाद चतुर्वेदी पुगेपछि उनले उक्त परिपत्र गरेका हुन् । चर्चित र केही रहस्यकै गर्भमा रहेका घटनाहरू अहिले पनि अनुसन्धानमै छन् । खासगरी कञ्चनपुर भीमदत्तकी निर्मला पन्तको बलात्कारपछि हत्या कसले गऱ्यो भन्ने तथ्य अहिलेसम्म पत्ता लागेको छैन ।

प्रहरी प्रधान कार्यालयले एसएसपी कृष्ण पंगेनीको नेतृत्वमा एउटा टोली परिचालन गरेको छ। उक्त घटनाको अनुसन्धानका लागि सीआइबी पनि परिचालित भएकै थियो विगतमा । अहिले पनि सीआईबीले पंगेनीको टोलीलाई सहयोग गरिरहेको छ ।

तत्कालीन अवस्थामा प्रहरीले दिलिपसिंह विष्टले नै पन्तको बलात्कारपछि हत्या गरेको निष्कर्ष निकालेको थिए । तर, विष्टले इन्कारी बयान दिएकै कारण उनी थप अनुसन्धानको राडारमा आउन सकेनन् । चर्चित र अर्को डरलाग्दो घटना २०७७ मा कोरोना महाममारीका बेला भक्तपुरको हनुमन्ते खोला किनारमा टाउको नभएको शव फेला परेको थियो । गट्ठाघर र बालकोटको सिमामा पर्ने खोला किनारमा टाउकोविनाको र त्यसमाथि पनि हात-खुट्टाका पञ्जा काटिएको शव फेलापरेको हो ।

नियोजित रूपमै गरिएको भनिएको त्यो हत्याको रहस्य अहिलेसम्म सुल्झिन सकेको छैन । कसले हत्या गऱ्यो वा गर्न लगायो अनुसन्धान जारी छ । फरेन्सिक विज्ञहरूले त्यो शव १७ देखि १९ वर्षकी युवतीको हुन सक्ने संकेत दिएका थिए । त्यस्तै, १० देखि १५ दिनअघि हत्या भएको हुन सक्ने शंका गरिएको थियो । तर, टाउको नभेटिएपछि शवको सनाखतै हुन सकेन ।

राष्ट्रिय रूपमै चर्चामा आएको र बहालवाला मन्त्रीले समेत राजीनामा दिनुपरेको वीरगञ्जको एउटा घटना अदालतमा पुगेर पनि दोषी भनिएकाले सफाइ पाए । त्यो घटना हो । २०६७ असार १२ गते साँझ पाँच बजेतिर वीरगञ्जको अशोक बाटिकास्थित शिवपार्वती मन्दिरमा रहेको धर्मशाला हेर्न पुगेका काशी तिवारीको गोली हानी हत्या । मन्दिरका पुजारीसँग कुराकानी गरिरहेका बेला तिवारीमाथि गोली प्रहार भएको थियो । तिवारी आवद्ध हिन्दु युवा संघले हत्यामा माओवादीका तत्कालीन नेता हाल आम जनता पार्टी (आजपा) का अध्यक्ष प्रभु साह र उनका सहयोगी सियाराम कुशवाहाको संलग्नता रहेको दाबी गरेको थियो ।

बाराको निजगढबाट पक्राउ परेका रोहित भनिने अमन कुशवाहाले तिवारीको हत्यामा सियारामको संलग्नता रहेको पोल खोलिदिए । त्यतिबेला सियाराम तत्कालीन भूमिसुधार तथा व्यवस्थामन्त्री प्रभु साहका स्वकीय सचिव थिए । रौतहट जमनुयाका सियारामले आफूलाई दुई लाख रुपैयाँको प्रस्ताव गरेपछि गएको अमनको भनाइ थियो ।

तिवारी हत्याको १५ महिनापछि पर्सा प्रहरीले तत्कालीन भूमिसुधार तथा व्यवस्थामन्त्री साह, उनका स्वकीय सचिव सियाराम र अमन कुशवाहाविरुद्ध प्रतिवेदन तयार गरेको थियो ।

» बाँकी ३ पेजमा




## सम्पादकीय

# विकास आयोजनामा अवरोध हटाउने बाटो

सार्वजनिक खरिद, निर्माण र परामर्शमा सबैभन्दा न्यून रकम कबोल गर्ने बोलपत्रदाताले ठेक्का पाउँदै आएकोमा त्यो व्यवस्था संशोधन भएको छ। अब थोरै रकम कबोल गर्नेले ठेक्का नपाउन सक्छ। संशोधित ऐनमा सार्वजनिक खरिदका लागि लामो समय लगाएर पूरा गर्नुपर्ने प्रक्रियाका लागि समयअवधि छोट्याउने प्रयास गरिएको छ। ऐन संशोधन गर्दा मुख्यगरी १७ वटा विषयलाई सरल र सहज बनाउने प्रयास गरिएको पाइएको छ। सार्वजनिक खरिद ऐनमा भएको यो संशोधनले विकास आयोजनाको सञ्चालन र सम्पन्न गर्न सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ।

सार्वजनिक खरिदको लागि बोलपत्र आह्वानको सूचनाको अवधि ४५ दिनसम्म थियो। संशोधित व्यवस्थामा त्यसलाई घटाएर २१ दिनमा झारिएको छ। अब राष्ट्रियस्तरको बोलपत्र भए २१ दिन र पुनः आहवान गर्दा ७ दिनको अवधि राखेर सूचना प्रकाशन हुन्छ। त्यस्तै, अन्तर्राष्ट्रिय स्तरको बोलपत्र भए ३० दिन र पुनः आह्वान गर्दा १५ दिनको अवधि हुनुपर्ने व्यवस्था ऐनमा गरिएको छ। यसअघि यस्तो व्यवस्था राष्ट्रियस्तरको लागि ३० र १५ तथा अन्तर्राष्ट्रियस्तरको बोलपत्रमा ४५ र २१ दिन रहेको थियो। संशोधित ऐनले बोलपत्रको मूल्यांकनमा पनि नयाँ व्यवस्था गरेको थियो। यसअघिको कानुनमा कुनै पनि बोलपत्रमा न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही बोलपत्र मात्र छनोट हुने व्यवस्था थियो। अब भने बोल अंकको औसत अंक एकीन गरी बोलपत्र छनौट हुने भएको छ।

नयाँ कानुनी व्यवस्थाअनुसार, प्राप्त बोलपत्रदाताहरुले कबोल गरेको बोल अङ्कको औसत अंक एकीन गरी सो औसत अङ्कसँग सबैभन्दा नजिक भएको र लागत अनुमानभन्दा बढी नभएको बोलपत्रदातालाई छनौट गरिने व्यवस्था गरिएको छ। त्यसरी छनोट गर्दा, मूल्य ३० प्रतिशतभन्दा बढी घट्ने बोलपत्रको मूल्याङ्कन नहुने व्यवस्था गरिएको छ। यदि लागत अनुमानभन्दा बढी भएको अवस्थामा पनि त्यस्तो बोलपत्र दातासँग वार्ता गरी कबोल अङ्क घटाउने सकिने सुविधा संशोधित ऐनमा छ। यसअघिको न्यूनतम बोल अंकको आधारमा सार्वजनिक खरिद स्वीकृत हुँदा न्यून गुणस्तरको सामान सप्लाई हुने र निर्माण भएका परियोजनाको गुणस्तर पनि कमजोर हुने अवस्था थियो। नयाँ व्यवस्थाले यो समस्या हटाउन सहयोग गर्ने अपेक्षा गरिएको छ। यसअघि १५ दिनको अवधि राखेर सिलबन्दी दरभाउपत्रको सूचना आह्वान गर्न पाइन्थ्यो। अब भने यस्तो सूचनाको अवधि सात दिन मात्रै हुनेछ। सार्वजनिक खरिद ऐनको दफा-५५ मा १२ महिनाभन्दा कम अवधिको खरिद सम्झौता भए पनि युद्ध, आपूर्ति शृंखलामा अवरोध, महामारी, नाकाबन्दी वा यस्तै काबुबाहिरको परिस्थिति सृजना भई श्रम, इन्धन उपकरण वा ढुवानी लागतमा अस्वभाविक मूल्य वृद्धि भएको पुष्टि गरी सार्वजनिक निकायले मन्त्रिपरिषद्बाट स्वीकृत कार्यविधि अनुसार मूल्य समायोजन भुक्तानी गर्न सक्ने व्यवस्था गरिएको छ। यो बारेमा व्यवसायीले लामो समयदेखि उठाउँदै आएको विषय हो।

ऐनमा भएको संशोधनले विकास आयोजना सञ्चालन र व्यवस्थापनमा सहज हुने जति अपेक्षा छ,त्यो पूरा गर्न इमान्दारीपूर्वक काम हुनुपर्छ। समस्या देखाउर पन्छिने प्रवृत्तिलाई निरुत्साहित गर्दै जवाफदेही र जिम्मेवार बन्दा ऐनले काम गर्नका लागि बाटो खोलेको छ। ऐन साधन हो, साध्य होइन्। साधनको सही प्रयोगको खाँचो छ, जसले समस्याको समाधान गर्न सकोस्।

# सभामुख कुनै दल र सरकारको होइन, सिंगो सदन र मान्यताको परिचय हुनुपर्छ



युवराज घिमिरे

राजनीतिक सत्ता परिवर्तन र सरकारको नयाँ नेतृत्वको अनुहारबाट पलाएको आशा कति टिकाउ या दीर्घकालीन हुन्छ, त्यो सत्ताले अल्पकालीन चरणमा के-कस्ता सेवा प्रदान गरेको छ आमजनतालाई ? र, उसले के-कस्ता नीतिगत निर्णय लिएको छ, त्यसले निर्देशित गर्छ।

विगत १०० दिनमा सरकारले विश्वविद्यालयका उपकुलपति नियुक्तिलगायत केही महत्वपूर्ण निर्णय लिएको छ र पूर्ववर्ती सत्ताहरूबाट नियुक्ति हुँदा दलका कार्यकर्ता, नेताहरूका आफन्तले या ठूला दान दक्षिणाका आधारमा हुने गरेको परिस्थितिजन्य उदाहरण प्रशस्त देखिन्थे।

केपी ओलीले जति चर्को स्वरमा 'भ्रष्टाचार गरिँदैन, सहिँदैन' भने पनि त्यो पारदर्शी भ्रष्टाचार अभ्यासको एउटा नमूनाको चरण थियो। माओवादी, कांग्रेस नेतृत्वको सरकार एमालेभन्दा फरक रहेन विगत दुई दशकमा।

पटक-पटक यो स्तम्भमा बालेन शासनमा पैसाको चलखेल नदेखिएको र मन्त्रालयहरू 'बिचौलियामुक्त' देखिनुका साथै आमजनता या सेवाग्राहीप्रति सरकार संवेदनशील र सहयोगी बनेका दृष्टान्त फेला परेका छन्।

तर, यो चरणमा पनि राज्य संस्थाहरूको क्षमता वृद्धि अनि सत्ताको स्वादप्रतिको जवाफदेहिता पारदर्शी रूपमा स्थापित भएको अनुभूति आमजनतामा हुन सकेको छैन। यसबिना सत्ताको दीर्घजीवन र प्रजातन्त्रको सुदृढीकरण सुनिश्चित हुन सक्दैन।

नबोल्ने बालेन शाहले पछिल्ला केही दिनमा व्यापारी तथा उद्योगपति र निर्माण व्यवसायीसँग गरेको संवाद तथा अन्तर्क्रियाले उनले आफ्नो आलोचना किन र कताबाट भइरहेको छ, त्यसमा चासो लिन थालेको हो कि भन्ने संकेत देखा परेको छ। यो सकारात्मक छ, तर पर्याप्त छैन।

सत्ता र व्यवस्थाभित्र नेता तथा शासकहरू सञ्चालित छन् भन्न सकिएको अवस्था छैन। बरु, स्पष्ट रूपमा व्यवस्था र सत्ताभन्दा माथि प्रधानमन्त्री र मन्त्रीहरू छन्।

उनीहरूको मुख नै कानुन बनेको छ अर्थात् २० वर्षदेखि स्थापित शासन शैली र तिनका नियन्त्रक नेता र दलहरू अस्ति फागुनको निर्वाचनमा बढारिएको भए पनि ती शक्तिलाई मुख्य रूपमा चुनौती दिने संगठित शक्ति अर्थात् रास्वपा सरकारले पनि व्यवस्था र कानुनभन्दा माथि नेताहरूलाई स्थापित गर्ने परम्परा जारी राखेमा उनीहरूको नियति फरक हुने छैन।

शासकीय दम्भ र बेथितिलाई संसदले जवाफदेही बनाउनुपर्छ तर नेपालमा विगत २० वर्ष अर्थात् २०६३ वैशाख ११ मा पुनर्स्थापित प्रतिनिधिसभा र त्यसपछिका सदन, सँगै अध्यक्षको आसन ग्रहण गरेका व्यक्तिहरूले पटक-पटक संसदीय मान्यता, परम्परा र दलीय स्वार्थमा लागि कुठाराघात गर्दै आएका छन्।

सुवास नेम्वाङबाट नेपाललाई षड्यन्त्रकारी रूपमा धर्मनिरपेक्ष र पछि राजनीतिक सहमतिविरुद्ध 'पहिलो निर्वाचित संविधानसभाले राजतन्त्रको अन्त्यको घोषणा गर्नेछ' भनी दिएको निर्देशनात्मक घोषणा संसदको इतिहासमा र भविष्यप्रतिकै व्यभिचार थियो।

धर्मनिरपेक्षतालाई धर्मको किनबेचको रूपमा प्रस्तुत गरियो, हिन्दु धर्मको विखण्डनलाई बढावा दिइयो।

ब्युँताइएको प्रतिनिधिसभामा ८२ जनाबाट नियुक्त नभएर माओवादी नेतृत्वबाट मनोनीत एक जनाबाट प्रस्तुत त्यो संकल्प प्रस्तावमा मतदान हुँदा सत्ताको नेतृत्व गरेका र सदनको सबभन्दा ठूलो दल कांग्रेसले सहभागिता जनाएको थिएन।

सदनमा भएका त्यस्ता अनेक पक्षपातपूर्ण पूर्वाग्रही र विधिविहीन निर्णयबारे वर्तमान सभामुख डोलप्रसाद अर्याल कति अवगत छन् या छैनन् तर संसदीय प्रजातन्त्रलाई सम्मानजनक बनाउन आसनको भूमिका महत्वपूर्ण हुन्छ भन्ने कुरा उनले बुझ्नुपर्छ।

सदनका नेता अर्थात् प्रधानमन्त्री बालेन शाह पटक-पटक महत्वपूर्ण क्षणमा अनुपस्थित हुँदा या उनको अभिव्यक्तिले नेपाल-भारत सम्बन्धबारे असमझदारी पैदा हुँदा उनलाई उपस्थितिका लागि निर्देशन दिन चाहेनन् सभामुखले।

अर्थमन्त्रीले सदनको 'सम्पत्ति' बनिसकेको बजेटसँग जोडिएका अर्थविधेयक भन्दा फरक दस्तावेज आधिकारिक 'दस्तावेज' का रूपमा प्रकाशन गर्दा कुनै हिसाबले प्रतिपक्षको आपत्तिलाई गम्भीरतासाथ लिन र अर्थमन्त्रीबारे केही टिप्पणी गर्न 'रुलिङ' नदिएर अर्यालले आसनको आलोचनाको सहज वातावरण सिर्जना गरेका छन्।

प्रतिपक्षलाई संरक्षण र अभिभावकत्व नदिनु एउटा पक्ष हो तर सत्तापक्षका अर्घेल्याइँ नदेख्नु, सभामुखको कमजोरी मानिनेछ। सभामुखमाथि विश्वास गुमाएका प्रतिपक्षको आचरण अनियन्त्रित बन्न सक्छ। सदनमा असंसदीय आचारणका लागि एउटा पार्टी विशेषका सांसदहरूलाई दण्डित गर्न छानबिन समितिले सभामुखसँग गुहार माग्नु आफैँमा हास्यास्पद शैली हो।

समग्र सदन एउटा संस्था हो, त्यहाँ सत्ता र प्रतिपक्ष त्यो संस्थाका महत्वपूर्ण हिस्सा हुन् गम्भीर प्रकृतिका। संसदमा अमर्यादित आचरण कुनै कुना या पक्षबाट भएमा सम्बन्धित सदस्य या पक्षसँगै समग्र सदनले त्यसप्रति दुःख व्यक्त गर्ने गर्छन्, त्यो आचरणले संसदको अपमान भएको मान्यताका साथ। त्यो व्यवहार संसदको गरिमा संवर्धनका लागि सामूहिक प्रण बन्न जान्छ संसदमा विशेषाधिकार तथा मर्यादा समिति नहुनु आफैँमा दुःखद विषय हो।

संसदको अपमान र सांसदहरूबाट भएका खराब आचारण हेर्ने समिति सर्वत्र हुन्छन्। यो महत्त्वपूर्ण समितिहरूसँग सभामुखको अभिभावकीय सम्बन्ध रहनुपर्छ तर त्योसँगै सभामुख आलोचनाबाट मुक्त व्यक्ति हैन भन्ने पनि बुझ्नुपर्छ।

हाम्रो संविधान 'फास्ट ट्र्याक' बाट जन्मेको अपर्याप्त दस्तावेज हो। कुनै प्रक्रियागत बहस र नेपाली जनताको सहभागिताबिनै तयार गरिएको संविधान पटक-पटकको दुर्घटनाबाट क्षतविक्षत भइसकेको छ। र, त्यसको बिना राज्य सञ्चालन हुने अवस्था छैन।

अर्यालले एउटा महत्वपूर्ण र मौलिक विषय बुझ्नै पर्छ। उनी त्यो आसनमा छँदा 'निर्दल' मात्र हैन, कुनै पनि दलभन्दा माथि हुन्छन् र आफ्नो आचरण र व्यवहारबाट उनले हरेक क्षण त्यो मान्यतालाई बिटुलिन हुँदैन। अमेरिकाजस्तो राजनीति या कार्यकारी पद हैन नेपालको सभामुखको पद। यो निकै हदसम्म संवैधानिक र केही हदसम्म न्यायिक र नैतिक पद हो। २० वर्षयताका सभामुखहरूले त्यो कुरा बुझ्न सकेनन्। अमेरिकी सभामुख दलकै पदाधिकारी हुने गर्छन् र राष्ट्रपति पद अचानक रिक्त हुँदा उप-राष्ट्रपतिपछिका हकदार हुने गर्छन्।

बालेनले आफूलाई संसद र संवैधानिक दायित्वभन्दा माथि मान्न थालेपछि रास्वपा अध्यक्ष रवि लामिछानेले उनलाई त्यत्तिकै गैरसंवैधानिक तरिकाबाट कस्न थालेका छन्। सांसदले चुनेको नेतालाई आदेश जारी गर्ने, त्यो आदेश मान्नु प्रधानमन्त्रीको कर्तव्य बन्ने र त्यसको अवज्ञा भएमा अध्यक्षको आदेशबाट हट्ने परम्परा रास्वपाले निर्माण गर्न लागेको छ।

चितवन सम्मलेनमा 'गोल बालेनले नै गर्ने' रवि लामिछानेको अभिव्यक्ति उनको प्रतिबद्धता नभएर या प्रधानमन्त्री पद फुत्काउने चालको प्रारम्भजस्तो देखिएको छ।

संसदमा उपस्थित हुनुपर्छ भनेर दबाब या निर्देशन दिन नसक्ने सभामुख तथा पार्टी अध्यक्ष आ-आफ्नै हिसाबले क्रमशः आफ्नो संवैधानिक र राजनीतिक दायित्वबाट चुकिरहेका छन्। तर, पार्टी अध्यक्षले आफ्नो पार्टीको प्रधानमन्त्रीलाई हटाउने अधिकार आफ्नो हातमा राख्ने प्रयास पार्टीलाई अधिनायकवादी बनाउने चेष्टा हुनेछ।

संसदप्रति जिम्मेवार हुनुपर्ने प्रधानमन्त्रीलाई त्यस्तो नहुन छुट दिने उसको पार्टीको अध्यक्षप्रति जिम्मेवार बनाउने प्रपञ्चले खतरनाक परिणति निम्त्याउनेछ।

रास्वपाको विभाजन मात्र हैन दासत्वकरणको मार्गसमेत प्रशस्त गर्नेछ। दुई महिनाअघि खोलाछेउका अनधिकृत बस्तीबाट विस्थापित नागरिकलाई 'होल्डिङ सेन्टर' बाट पनि भोकभोकै खेदेर यो सरकारले उसमा मानवीयता र संवेदनशीलतासँगै समाजका सर्वाधिक कमजोरीप्रति आफ्नो दायित्व बोध नभएको परिचय दिएको छ। पर्टी नेतृत्वले सरकारलाई समाजका निम्न तप्काका व्यक्तिप्रति जिम्मेवार हुनसमेत निर्देशन दिन सकेको छैन। प्रधानमन्त्री यता आएर उद्यमी र व्यापारीहरू अनि निर्माण व्यवसायीसँग भेटेर आर्थिक वृद्धि तथा लगानीको वातावरण बनाउन सहकार्य गर्ने र उनीहरूलाई नाजायज तरिकाले तर्साउन प्रतिशोधमा नउत्रने सन्देश दिएका छन्।

तर, संसदलाई नमानेको व्यक्तिबाट दिइएको आश्वासन त्यति प्रभावकारी हुँदैनन्। त्यसको परीक्षण कहाँ गर्ने ? बालेन शाहले पार्टी नेतृत्वबाट बढेको खतरा भोग्दै गर्दा संसदलाई सम्मान गर्न र विगत २० वर्षमा विदेशी प्रभाव र संसदको दुरुपयोगबाट ल्याइएका निर्णय उल्टाउन सक्रियता देखाए भने राष्ट्रियता र प्रजातन्त्रका पक्षधर जनताले अझै पनि उनलाई साथ दिनेछन्।

यो षड्यन्त्रका सिकार राजा ज्ञानेन्द्रबाट त्यसका विविध पाटो बुझ्दै 'कोर्स करेक्सन' गर्नु बालेनको बुद्धिमानी हुनेछ। अन्यथा नेपाल फेरि एक पल्ट 'डेमोक्रेसी' का नाममा बाह्य 'कठपुतली' को खेल केन्द्र बन्नेछ। देश सञ्चारबाट

# आज भानु जयन्ती

विसं १८७१ मा अहिलेको तनहुँ जिल्लाको चुम्दी रम्घा भन्ने ठाउँमा भानु भक्त आचार्यको जन्म एउटा हुनेखाने परिवारमा भएको हो। ब्राह्मण परिवारको जन्म भएकाले भानुभक्तको शिक्षादीक्षा लालन पालन त्यसै अनुरूप धार्मिक अनि सांस्कृतिक अनुशासनमा भएको हो। अहिलेको नेपाली भाषालाई उति बेला 'खस' भाषा भनिन्थ्यो र यो भाषा लिपिबद्ध भन्दा पनि सामान्य अभिव्यक्तिहरूमा भानुभक्त आचार्यको जन्म वि.सं १८७१ मा अहिलेको तनहुँ जिल्लाको चुम्दी रम्घा भन्ने ठाउँमा भानुभक्त आचार्यको जन्म एउटा हुनेखाने परिवारमा भएको हो। ब्राह्मण परिवारको जन्म भएकाले भानुभक्तको शिक्षादीक्षा लालन पालन त्यसै अनुरूप धार्मिक अनि सांस्कृतिक अनुशासनमा भएको हो। अहिलेको नेपाली भाषालाई उति बेला 'खस' भाषा भनिन्थ्यो र यो भाषा लिपिबद्ध भन्दा पनि सामान्य अभिव्यक्तिहरूमा मात्र सीमित थियो।




**नेपाली भाषाका प्रथम कवि**

नेपाली भाषाका प्रथम कवि यिनै भानुभक्त हुन् जसले भावनाको मर्मलाई नेपाली भाषा र शब्दको मानचित्रमा अभिव्यक्त गरेको हुन्। त्यसैले पनि भानुभक्तलाई आदिकवि भनिन्छ। उति बेला कविताहरू र औपचारिक साहित्यहरू संस्कृत भाषामा हुने गर्दथे, यसर्थमा संस्कृत भाषा बुझ्न र बुझाउन सक्ने ब्राह्मणहरूको आवश्यकता र महत्त्व धेरै थियो। सामान्य जनमानसले चाहेर पनि सरल अर्थमा आफै साहित्य र कलात्मक अभिव्यक्ति बुझ्न गाह्रो थियो।

भानुभक्तले उति बेला सम्पूर्ण रामायणलाई नै संस्कृतबाट सरल नेपालीमा लिपिबद्ध गरिदिए, अचम्मको कुरा त के छ भने अनुवाद गरिएता पनि नेपाली संस्करणको रामायण अलौकीकरुपमै छन्द र भावको दोभान जस्तो छ। अझ फराकिलो हिसाबले सोंच्ने हो भने त भानुभक्तले अध्ययन र ज्ञानलाई भाषामार्फत सरलीकृत गरेर सबै नेपालीहरूको सरल पहुँचमा विस्तार गरेका हुन् भन्न सकिन्छ। आफ्नो समाज र परिवेशबाटै भानुभक्तले सिकेका हुन् तसर्थ यिनको रचनामा समाज र व्यबहारीक्ताको सङ्गम पाइन्छ।

**भानुभक्तमा घाँसीको प्रेरणा**

भानुभक्तको जीवनमा एक जना घाँसीले उनलाई प्रेरणा दिएको हो, घाँसी दरिद्र भए तापनि घाँस काटेर पाएको पैसाले समाजकालागि पानी खाने कुवा खन्दछ। भानुभक्तलाई आफू घाँसीभन्दा धनी भए तापनि समाजकालागि केही गरौँ भन्ने भाव नभएको महसुस भएर आफूप्रति ग्लानि लाग्दछ। तर सबैको देन आ आफ्नै हुन्छ, भानुभक्तका शब्द र अभिव्यक्तिले कथेका काव्यहरू अझै पनि नेपाली दलिनहरू भित्र सुरक्षित रूपमा राखिएका छन्।

रामायणभित्र रहेका बाल काण्ड, अरन्यकाण्ड, सुन्दर काण्ड, युद्ध काण्ड आदि काण्डका कथा, उपकथाले पाठकलाई मनोरञ्जन, सामाजिक, नैतिक र चारित्रिक शिक्षा प्रदान गरेको छ। भानुभक्तले 'रामायण' का अतिरिक्त अन्य थुप्रै कृति सृजना गरे पनि उनी रामायणमा बाँचेका छन्। गाउँलेहरुले एकै ठाउँमा रामायण वाचन गरेर सुन्नु अहिलेको थ्रिडि या फोर डि सिनेमा हेरेको भन्दा धेरै रसास्वादन गरेर आत्मसाथ गरिन्थ्यो। रुचि भएका पाठकहरूले रामायणका श्लोकहरू याद गर्नु अहिले पनि नेपाली समाजमा छ भने रोचक प्रसङ्ग त सामान्य नेपाली भाषामा छन्द र श्लोकहरू पाएपछि बिहे, व्रतबन्ध आदिमा दोहोरी या सिलोक खेल्ने चलन पनि सुरु भएको हो। यसर्थमा आजको दोहोरी र लोकगीतहरूको उद्गम बिन्दु पनि नेपाली समाजका लागि भानुभक्तको सरल रामायण नै हो।

भानु भक्तको घाँसी कविता जस्ताको तस्तै
भर जन्म घाँस तिर मन दिई धन कमायो
नाम क्यै रहोस् पछि भनेर कुवा खनायो
घाँसी दरिद्र घरको तर बुद्धि कस्तो
म भानुभक्त धनी भैकन किन यस्तो
मेरा ईनार न त सत्तल पाटिकै छन्
जे धन चीजहरु छन् घर भित्रनै छन्
त्यस घाँसीले कसरी आज दिए छ अर्ति
धिक्कार हो म कन बस्नु न राखि किर्ति

भानुभक्तकोलय बिलकुलै फरक प्रकारको छ, त्यस लय अझै पनि नेपाली जनजिब्रोमा छ। उनिपश्चातका अन्य धेरै कविहरूले आजसम्म पनि आफ्ना कविताहरू वाचन गर्न यही लयको प्रयोग गरेका छन्।

भानु बाजे अर्थात् भानुभक्तको सम्झनामा नेपाल, भारतको दार्जिलिङ लगायतका क्षेत्रहरू अनि नेपाली समाज भएका विश्वभरिकै देशहरूमा भानु जयन्ती मनाइन्छ। भानुभक्त कवि मात्र नभएर नेपाली भाषाका ढुकढुकी हुन् र हरेक नेपाली जिब्राहरूमा भानुभक्तको लय अझै जीवित छ। भानुभक्तका विरोध र समालोचनामा समेत धेरै कुराहरू लेखिए। उनलाई केवल अनुवादकको बिल्ला लगाउन चाहने नाङ्गातर्कहरु पनि आए तर ती कुराहरू उनीप्रतिको अन्याय हो।

अनुवाद गर्दै छन्द अनि भावलाई कायम र अझ भनौँ बढोत्तरी गर्न सक्नु, शताब्दीसम्म जनमानसले प्रयोग गर्न सक्ने र यथार्थपरक उखान, भनाई र छन्दात्मक अभिव्यक्ति दिएर जानु र नेपाली भाषाको चौतर्फी संस्थागत गर्न सक्नु भानुभक्तको आदिकवि हुनको पूर्ण व्याख्या र पहिचान हो। छतौरा प्रेमकथा र सतही कुण्ठाहरूको उजागर गरेर खोक्रो साहित्यलाई परिभाषित गर्ने आजको समाजले भानुभक्तको गहनता र सरलताबाट धेरै सिक्न जरुरी छ।

एउटा कुरा स्पष्ट छ, हामीले सायद महान् भानुभक्तको जीवनबारे अझै र उनका कृतिबारे अझ थप अध्ययन र अन्वेषण गर्न जरुरी छ। मोतीराम भट्ट र भानुभक्त जोडिएर आउने नामहरू हुन्। युगकवि मोतीरामले भानुभक्तका धेरै अन्य कृतीहरू प्रकाशमा ल्याएका हुन् भने कतिले त भानुभक्तका अधिकांश कृतिहरू मोतीरामले लेखेका हुन् भनेर आरोप पनि लगाउने गर्दछन्।

भारतमा अध्ययन गरेका मोतीरामको उर्दु, फारसी लगायतका भाषामा विशेष दखल हुदाहुदैपनि नेपाली भाषा र विशेषतः भानुभक्तका कृतीहरूप्रतिको समर्पणले, नेपाली भाषाको फराकिलो दायरा र नेपालीपन उद्घोष गर्दछ। भानु जयन्तीमा मोतीराम भट्ट छुट्न नहुने नाम हो। मोतीरामले विसं १९४१ मा लामो समय भानुभक्तका बारेमा अन्वेषण र सोध गरी छपाएका जीवन चरित्रपछि भानुभक्तका बहुआयमिक रचनाहरू अझ जनमानसका सामु आएका हुन्। भारतीय इन्साइक्लोपेडियामा समेत भानुभक्तको खुलेर व्याख्या गरिएको छ।

भानुभक्तका केही रोचक प्रसङ्गका कुरा गर्दा छिमेकी भाट थरका व्यक्तिसँग जग्गाको सिमानामा झगडा गरेका भानुभक्तलाई भाट शब्दसँगै यति चित्त दुखाई भयो कि उनले आफ्नो घरको भित्ताहरूबाटै बाँसका भाटाहरू निकालेर फालेका तथ्य पनि अझै तनहुँ अनि त्यही छेउछाउका ठाउँहरुमा प्रचलित छ।

भानुभक्तबाट अहिलेका पुस्ताले भाषा मोह सिक्न जरुरी छ। छरिएका भाषाहरूलाई एकसुत्रमा बाँध्ने महान् व्यक्ति, नेपाली जनका आदिकविको सम्झनामा आज बिश्वभर नै कतै बलले, कतै करले त कतै चलन थाम्नका लागि मात्रै पनि कार्यक्रम गरेर मनाइन्छ। भानुभक्त विकल्प हैनन् बरु भानुभक्त हाम्रा लवजका आधार हुन् भन्ने बुझ्न जरुरी छ है।

नेपाली भाषाको अध्ययन, अनुसन्धान अनि विकास नै भानुप्रतिको सच्चा श्रद्धा सुमन हुनेछ। सेक्सपियरका कविता, अङ्ग्रेजी गीत मुखाग्रे भएका नेपाली पुस्ताहरूले भानुभक्तलाई चिन्ने वातावरण हुनपर्दछ किनभने नेपालीले पहिले 'गाई' बुझ्दछ अनि मात्र 'काउ'को अर्थलाई गाईसँग जोड्दछ। पहिले 'आमा' बुझ्न जरुरी छ अनि मात्र 'मम' या 'मदर'। अमर रहुन् भानुभक्त र उनका रचनाहरू। कालो टोपी लगाएका भानुभक्तको छवि र महत्त्व नेपाल जनमा रहिरहोस्।

हाम्रो पात्रोबाट

# खजुरामा हुलाकी सडकको वैकल्पिक मार्ग निर्माण



राँझा (बाँके)। खजुरा गाउँपालिकाले नेपालगञ्ज-गुलरिया हुलाकी सडकको वैकल्पिक मार्गका रूपमा धवलागिरि गाउँ हुँदै बीगाउँ जोड्ने सडक निर्माण गरेको छ।

गाउँपालिका अध्यक्ष डम्बरबहादुर विककाअनुसार खजुरा बजार क्षेत्रमा पर्ने मुख्य सडकको वैकल्पिक मार्गका रूपमा खजुरा गाउँपालिका-३ स्थित आदर्श मावि, धवलागिरि गाउँ हुँदै बीगाउँ जोड्ने सडक निर्माण गरिएको हो।

अब हुलाकी सडकअन्तर्गत खजुरा बजार वा पेडारी नाला क्षेत्रमा कुनै अवरोध आए पनि अब आदर्श मावि, धवलागिरि गाउँ हुँदै बीगाउँ जोड्ने सडक प्रयोग गरी नेपालगञ्ज-गुलरिया सहज रूपमा आवतजावत गर्न सकिने भएको छ। प्रदेश सरकारको रु.छ करोड १० लाख ९० हजार २८६ को लागतमा पुल निर्माण सम्पन्न भएपछि खजुरा बजार क्षेत्रको मुख्य सडकको वैकल्पिक मार्गका यो सडक निर्माण भएको हो।

खजुरा गाउँपालिकाका आठवटै वडाका गाउँहरूलाई कालोपत्रे सडक सञ्जालले जोड्ने, प्रत्येक टोलमा कालोपत्रे सडक विस्तार गरी 'धुलोरहित गाउँ' निर्माण गर्ने तथा ढल र नालाको निर्माण तथा स्तरोन्नति गरी उचित पानी निकासको व्यवस्था गर्दै 'डुबानमुक्त गाउँ' बनाउने लक्ष्यसहित गाउँपालिकाले काम गरिरहेको छ।



**हेंगा लगाउँदै किसानः**

दाङको घोराही उप-महानगरपालिका-१७ स्थित ढिकपुर गाउँमा धान रोपाइँका लागि खेत सम्याउन हेंगा लगाउँदै किसान। गाउँघरमा पशुचौपाया पाल्ने क्रम घट्दै गएपछि परम्परागत रूपमा गोरु वा भैंसीको सहायताले लगाइने हेंगा अहिले आफैंले तानेर लगाउन पर्ने बाध्यता छ। तस्विरः रासस

# वनफूलले सिँगारिएको ढोरपाटन



ढोरपाटन (बागलुङ) । समथर मैदानमा फूलेका थरिथरिका फूल । कतै राता, कतै पहेँला, गुलाबी त कतै बैजनी रङका फूलले यतिबेला यो ढोरपाटन उपत्यका चिटिक्क सिँगारिएको छ। चारैतिर अग्ला पहाडले घेरिएको उपत्यका बर्खायाममा निकै मनमोहक देखिन्छ। फूलैफूलले ढाकिएको ढोरपाटनसँग साइनो गाँस्न दिनहुँ आन्तरिक पर्यटक ढोरपाटन आउने गरेका छन्।

नेपालको एकमात्र सिकार आरक्ष क्षेत्र पर्ने ढोरपाटनमा पछिल्लो तीन वर्षयता वनफूलले पर्यटकलाई थप आकर्षित गर्न थालेको छ। विसं २०७५ सम्म ढोरपाटनमा पर्यटकको आगमन न्यून थियो । घुम्न आउनेभन्दा पनि ढोर बराह मन्दिरमा पूजा गर्न आउने दर्शनार्थीबाहेक अन्य पर्यटकको खासै उपस्थिति थिएन । जब सञ्चारमाध्यम र सामाजिक सञ्जालमार्फत् प्रचारप्रसार हुन थाल्यो, तब ढोरपाटनमा पर्यटकको घुइँचो नै लाग्न थाल्यो।

बर्खा लागेसँगै देशका धेरै पर्यटकीय क्षेत्र सुनसान बन्दैछन्, तर ढोरपाटनमा भने पर्यटकको भीडभाड बढ्न थालेको छ। बर्खाको समयमा ढोरपाटन अरु बेलाभन्दा बढी रमणीय देखिने हुँदा यो सिजनमा पर्यटक बढी आउने गरेका हुन्। दैनिक २०० बढी पर्यटक ढोरपाटन आउने गरेको होटल व्यवसायी सङ्घका अध्यक्ष जीवन पुनले जानकारी दिए। ढोरपाटनमा पर्यटकको चाप बढेपछि होटल व्यवसाय पनि फस्टाउन थालेको उनको भनाइ छ।

अध्यक्ष पुनले भने-"पहिला पनि ढोरपाटन उपत्यकामा अत्यधिक मात्रामा फूलहरू फूल्थे तर प्रचारप्रसार नहुँदा पर्यटक आउन सकेका थिएनन्, अहिले मिडिया र सामाजिक सञ्जालमा फोटो भिडियो आउँदा पर्यटकको आकर्षण बढेको छ, एक दशक अगाडि त ढोरपाटनमा पर्यटक खासै आउँदैनथे, यहाँका स्थानीय पनि घुम्ती बसाइमात्रै बस्ने गर्थे।"

स्थानीयले राके फूलका रुपमा चिन्ने वनफूललाई ढोरपाटन सिकार आरक्षले नाकेफुली, बुकीफूल, मदानेफूललगायतको नाम दिएको छ। देशका ठूला सहर काठमाडौँ, नेपालगञ्ज, पोखरा, भैरहवा, चितवनबाट बढी पर्यटक रमाउन आउने गरेका छन्। वनफूल पाटनैभरि फुल्छ। फूलमा घोडा, भेडाबाख्रा र गाईभैंसी खुलेमा चर्ने गर्छन्। वस्तुभाउको गोबरले वनफूल राम्रो हुने गर्छ।

चितवनको माडीका महेश थापाले सामाजिक सञ्जालमा भाइरल भएका तस्विर र भिडियो देखेर ढोरपाटन घुम्न आएको बताए। गत वर्षदेखि नै ढोरपाटन घुम्न आउने योजना बनाएको भन्दै यसपालि १३ जनाको समूह वनफूल हेर्न आएको उहाँले सुनाउनुभयो। चारैतिर फुलेका वनफूल र यहाँको वातावरण निकै मनोरम लागेको थापाको भनाइ छ।

दाङको तुल्सीपुरबाट आएका कुलेन्द्र पनेरुले ढोरपाटन आउँदा मन फुरुङ्ग भएको बताए। दाङमा यतिबेला निकै गर्मी रहेको भन्दै ढोरपाटनमा भने निकै चिसो मौसम रहेको उनले सुनाए। यहाँको प्राकृतिक सुन्दरता र हावापानीका बारेमा प्रचार गर्न सके विदेशी पर्यटकलाई सहज रूपमा ल्याउन सकिने उहाँको भनाइ छ। ढोरपाटनसम्म आउने सडकको केही स्थानमा अप्ठ्यारो हुँदा सास्ती खेप्नुपरेको पनेरुले दुःखेसो पोखे।

बुर्तिबाङदेखि ढोरपाटनसम्म करिब ३२ किलोमिटर कच्ची सडकयात्रा गर्नुपर्छ। अहिले बुर्तिबाङ बजारदेखि फल्लेघरसम्मको सडक ग्राभेल भए पनि त्यसभन्दा माथिको खण्डको दुरावस्था छ। जसका कारण पर्यटकले सास्ती खेप्नुपरेको छ।

ढोरपाटन नगरपालिकाका उपप्रमुख धनबहादुर कायतले फल्लेघरभन्दा माथिको अप्ठ्यारो सडकलाई व्यवस्थित गर्ने बताए। अहिले कालोपत्र गर्नका लागि सडक फराकिलो बनाउने काम भइरहेको हुँदा केही स्थानमा हिलाम्मे बनेको भन्दै पर्यटकको यात्रालाई सहज बनाउन गेग्रेटा हालेर व्यवस्थित बनाउने उनको भनाइ छ। ढोरपाटनमा आउने संख्या बढेपछि आफूहरू उत्साहित भएको कायत बताउँछन्।

**सुकुम्वासीलाई...**

सुरक्षित आश्रयको आश्वासन पाएका सुकुम्वासी नागरिक आज फेरि भोक, पानी, हिलो, अभाव र असुरक्षाबीच पीडादायी जीवन बिताउन बाध्य भएको आङ्देम्बेको भनाइ छ।

उनले यसलाई सुकुम्वासी नागरिकसँग गरिएको सार्वजनिक प्रतिबद्धता पूरा गर्न नसकेको राज्यको गैरजिम्मेवारी, संवेदनहीनता र असफल शासनको ज्वलन्त उदाहरण भएको बताएका छन्।

आङ्देम्बेले सरकारले प्रश्न उठाउने अधिकारसमेत निषेध गर्न खोजेको भन्दै पनि आपत्ति जनाएका छन्। 'झन् दुःखद् र लज्जास्पद कुरा, त्यही होल्डिङ सेन्टरमा पुगेर पीडितहरूको अवस्था बुझ्न र सरकारसँग जवाफ माग्न खोज्ने युवाहरू माजिद अन्सारी सहितलाई बलपूर्वक नियन्त्रणमा लिइयो। म सोध्न चाहन्छु- लोकतान्त्रिक व्यवस्थामा प्रश्न सोध्नु कहिलेदेखि अपराध बन्यो ?' -उनले भने।

प्रधानमन्त्री बालेनले आफ्नै प्रतिबद्धता पूरा गर्न नसकेपछि आत्मसमीक्षा गर्नुको सट्टा प्रश्न गर्ने नागरिकमाथि दमन गर्नु लोकतन्त्र, अभिव्यक्ति स्वतन्त्रता र नागरिक अधिकारमाथिको आक्रमण भएको आङ्देम्बेको भनाइ छ।

उनले प्रधानमन्त्री बालेनलाई सुकुम्वासी नागरिकसँग गरेको वाचाको जबाफ दिन आग्रह गर्दै भने-'प्रधानमन्त्रीजी सुकुम्वासी नागरिकसँग गर्नुभएको वाचाको जबाफ दिनुहोस्। किनभने इतिहासले तपाईंका खोक्रा भाषणलाई होइन, नागरिकसँग गरिएका प्रतिबद्धता पूरा भए कि भएनन् भन्ने कुराको हिसाब राख्नेछ।'

**उच्च ...**

प्राधिकरणले नागरिकलाई जल तथा मौसम विज्ञान विभागको विशेष बुलेटिन तथा प्राधिकरणले जारी गर्ने एड्भाइजरी नियमित रूपमा पालना गर्न आग्रह गरेको छ। समयमै सूचना पालना गरेमा जनधनको क्षति न्युनिकरण गर्न ठूलो सहयोग पुग्ने प्राधिकरणको विश्वास छ।

विभागले गरेको मौसमको पूर्वानुमानका आधारमा आवश्यक पर्दा प्राधिकरणले निरन्तर एड्भाइजरी जारी गर्ने गरेको छ।

मनसुन अवधिभर जोखिमको अवस्था हेरेर आवश्यक सूचना र सतर्कता जारी गर्ने गरिएको प्रमुख कोइरालाले जानकारी दिए।

**दसैंसम्म ...**

प्रसाईंले प्रधानमन्त्री बालेनको लोकप्रियता खस्किसकेको र एल्गोरिदमले समेत साथ नदिएको दाबी गरे। 'गाडीमा बालेनको फोटो टाँस्ने ड्राइभर के भन्दैछन् अहिले- एल्गोरिदमले पनि साथ दिन छाडिसक्यो।'- उनले भने।

विमानस्थलबाहिर पत्रकार सम्मेलन गर्न नदिएपछि उनले घरमै बोलाएर आफ्ना धारणा राखेका थिए।

**७७ वटै...**

पर्सा प्रहरीको त्यो प्रतिवेदन जिल्ला सरकारी वकिल कार्यालयले फिर्ता गऱ्यो । राजनीतिक आडमा साहको नाम हटाइयो। सियाराम र अमनविरुद्ध अदालतमा मुद्दा चलायो।

पर्सा जिल्ला अदालतले सियारामलाई सफाइ दियो। अमनलाई भने १० वर्षको कैद सजाय तोकियो।

सफाइ दिने जिल्ला अदालतको फैसलाविरुद्ध सरकारी वकिल कार्यालयले उच्च अदालतमा पुनरावेदन गऱ्यो।

२०७४ फागुन २८ गतमा जनकपुर उच्च अदालतको अस्थायी इजलास वीरगन्जले तिवारी हत्या अभियोगमा सियारामलाई सर्वस्वसहित जन्मकैदको फैसला सुनायो।

सीआईबीले नै सियारामलाई २०७५ बैशाख २७ मा काठमाडौंबाट पक्राउ गरेको थियो। पछि सियाराम सर्वोच्च अदालत गए। सर्वोच्च अदालतले २०७५ पुस १३ मा सियारामलाई सफाइ दियो। अमन पनि अहिले जेलबाट रिहा भइसके। काशी तिवारीको परिवारले न्याय पाएनन्।

गम्भीर प्रकृतिका पत्ता नलागेका घटनामध्ये निर्मला, काशी र टाउको विनाको शव केही उदाहरण मात्रै हुन्। यस्तो थुप्रै घटनाहरू अहिले पनि रहस्यकै गर्भमा छन्। सीआईबीले मिसिल माग गर्नुले फेरि यी लगायत घटनाको अनुसन्धान अघि बढाउन सक्ने संकेत देखिन्छ।

सीआईबीका प्रवक्ता एवं प्रहरी वरिष्ठ उपरीक्षक अनुपम शमशेर जबराले काठमाडौं उपत्यकासँगै ७७ वटै जिल्ला प्रहरी कार्यालयले सुल्झाउन नसकेका गम्भीर प्रकृतिका अपराधको मिसिल माग गरेको पुष्टि गरे।

**सच्याइएको**

यस राष्ट्रिय दैनिकको मिति २०८३ असार २८ गतेको अंकमा श्री शमसेर स्मृति माध्यमिक विद्यालय ओमसतिया-६, नरैनापुर, (रुपन्देही)को गा.पा.अनुदान शिक्षक पदमा विज्ञापन सम्बन्धी सूचनामा प्रधानाध्यापकको नम्बर ९८४६९८०१०४ हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ।

# बदलिँदो बजारसँगै बदलिँदै कुमालको पेसा



तुलसीपुर । केही वर्षअघिसम्म प्रेमबहादुर कुमालको दिनचर्या माटाका गाग्री, हाँडी र भुर्का बनाउनमै बित्थ्यो। अहिले भने उनी प्रायः माटाका प्लेट र कप मात्रै बनाउँछन्। बजारको माग फेरिएसँगै पुस्तौँदेखि अपनाउँदै आएको कुमाले पेसाले पनि नयाँ स्वरूप लिन थालेको छ।

तुलसीपुर उपमहानगरपालिका-७ प्रसेनीका प्रेमबहादुर भन्छन्-"पहिले गाग्री, भुर्का र हाँडीको निकै माग हुन्थ्यो, अहिले बजारमा प्लास्टिकका भाँडा सजिलै पाइने भएकाले ती सामग्रीको माग घटेको छ। बरु अहिले माटाका प्लेट र कपको माग बढ्दो छ।"

पछिल्लो समय विभिन्न स्थानमा 'मट्का चिया' पसल खुल्न थालेपछि माटाका कपको माग उल्लेख्य रूपमा बढेको उनको अनुभव छ। चियासँगै माटोको स्वाद र वातावरण खोज्ने ग्राहक बढेकाले आफूहरूले उत्पादन गरेको सामग्री बजारमा सहजै बिक्री हुने गरेको उनी बताउँछन्। "माग धेरै आउँछ, केही होटल सञ्चालकले त 'यतै आएर बनाए पनि हुन्छ' भनेर कोठासमेत दिने प्रस्ताव गर्नुहुन्छ", उनले भने-"तर जनशक्ति अभावका कारण मागअनुसार उत्पादन गर्न सकिरहेका छैनौँ।"

प्लेट र कपसँगै अहिले माटाका गमला तथा सजावटका लागि प्रयोग हुने घोडालगायतका मूर्ति बनाउन पनि अर्डर आउने गरेको छ। यसले परम्परागत कुमालको पेसामा नयाँ सम्भावनाको सङ्केत देखाए पनि दक्ष जनशक्तिको अभाव भने मुख्य चुनौती बनेको छ।

कविराम कुमालका अनुसार नयाँ पुस्ताको घट्दो आकर्षणले यो पेसाको भविष्यप्रति चिन्ता बढाएको छ। "माग त पर्याप्त छ, तर यो पेसा अहिले पनि हामीजस्ता पुरानै पुस्ताले धानेका छौँ", उनले भने-"नयाँ पुस्ताले अपेक्षाअनुसार चासो नदिँदा यो पेसा सङ्कटमा पर्ने हो कि भन्ने चिन्ता लाग्छ, यद्यपि केही युवाले सिक्ने प्रयास भने गरिरहेका छन्।"

गरिबी निवारण कोषबाट प्राप्त 'ग्लेजिङ' मेसिनले उत्पादनको गुणस्तर सुधार्न सहयोग पुगेको छ। त्यसैगरी हस्तकला महासङ्घले दिएको तालिमपछि यहाँका कुमाल समुदायले आधुनिक डिजाइनका प्लेट, कप र अन्य सामग्री बनाउन सिकेका हुन्। तर उत्पादनको मूल्य निर्धारण गर्ने कुनै मापदण्ड नहुँदा बिक्री मूल्य भने ग्राहकसँगको समझदारीमै निर्भर रहने गरेको उनीहरूको भनाइ छ।

"हामीले बनाएका माटाका भाँडाको निश्चित मूल्य छैन", कविरामले भने-"त्यसैले अनुमान र बार्गेनिङकै आधारमा बिक्री गर्नुपर्छ।" कुनै समय करिब ६० परिवारले बसोबास गर्ने यस कुमाल बस्तीमा अहिले १०-११ परिवार मात्रै सक्रिय रूपमा माटाका भाँडा बनाउने पेसामा संलग्न छन्। बजारको माग बढे पनि पेसामा संलग्न हुने जनशक्ति भने घट्दै गएको छ।

कच्चापदार्थको अभाव अर्को समस्या बनेको छ। अहिले उनीहरूले तुलसीपुर-७ को कालोखोला क्षेत्रबाट माटो ल्याउने गरेका छन्। तर त्यहाँबाट माटो निकाल्ने विषयमा स्थानीयसँग पटक-पटक विवाद हुने गरेको उनीहरूको गुनासो छ। आवश्यक गुणस्तरको माटो सहज रूपमा उपलब्ध हुन नसक्दा उत्पादनमा असर पर्ने गरेको कुमाल समुदायको भनाइ छ।

बजारको आवश्यकता बदलिँदै जाँदा कुमालको पेसाले पनि आफूलाई समय अनुकूल ढाल्ने प्रयास गरिरहेको छ। परम्परागत गाग्री र हाँडीको स्थान अहिले प्लेट, कप र सजावटी सामग्रीले लिन थालेका छन्। तर यो पुस्तौँ पुरानो सीपलाई दीर्घकालसम्म जोगाइराख्न नयाँ पुस्ताको सहभागिता, कच्चापदार्थको सहज उपलब्धता र उत्पादनको उचित मूल्य सुनिश्चित गर्नु आवश्यक देखिन्छ।


## शिक्षक/कर्मचारी आवश्यकता

**विज्ञापन नं.** : ११।०८२।०८३ प्रथम पटक प्रकाशित मिति : २०८३।०३।२९

कान्ति माध्यमिक विद्यालय, बुटवल-४, रूपन्देहीमा तपसिलअनुसार शिक्षक/कर्मचारी पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट रितपूर्वक दरखास्त आह्वान गरिन्छ।

| क्र.स. | तह(कक्षा) | विषय | आवश्यक संख्या | न्यूनतम शै.योग्यता | कैफियत |
|---|---|---|---|---|---|
| १ | माध्यमिक (कक्षा ९/१०) | गणित | १ जना | सम्बन्धित विषयमा स्नातकतह उत्तीर्ण | नगर अनुदान |
| २ | विद्यालय नर्स | - | १ जना | पि.सि.एल. नर्सिङ्ग | नगर अनुदान |
| ३ | कार्यालय सहयोगी | - | १ जना | आधारभूततह उत्तीर्ण | अस्थायी/करार |
| ४ | माध्यमिक (कक्षा ९/१०) | अर्थशास्त्र सामाजिक | १ जना | अर्थशास्त्र विषयमा स्नातकतह उत्तीर्ण | विद्यालय स्रोत |
| ५ | आधारभूत (कक्षा ६/८) | अंग्रेजी | १ जना | अंग्रेजी विषयमा कक्षा १२ उत्तीर्ण | विद्यालय स्रोत |

**परीक्षाको किसिम** : लिखित, अन्तरवार्ता र कक्षा अवलोकन।
**परीक्षा दस्तुर** : - माध्यमिक तहका शिक्षकका लागि रू.१०००।- (एक हजार मात्र )
- आधारभूततह शिक्षकका लागि रु.७००।- (सात सय मात्र )
- नर्सका लागि रू.७००।- (सात सय मात्र।)
- कार्यालय सहयोगीका लागि रु. ५००।- (पाँच सय मात्र)

**आवश्यक कागजात** : शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपि।
नेपाली नागरिकताको प्रतिलिपि।
नगर अनुदान शिक्षकको लागि शिक्षक लाइसेन्स् अनिवार्य।
**उमेरको हद :** १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।
**सेवा, सुविधा** : क. नगर अनुदानमा हकमा नगरको नियमानुसार।
ख. अस्थायी करारको हकमा नियमानुसार।
ग. विद्यालय स्रोतको हकमा विद्यालयको नियमानुसार।
**निवेदन दिने अन्तिम मिति** : २०८३।०४।११ गते सोमबार दिउँसो ४ बजेसम्म।
**परीक्षा हुने मिति** : २०८३।०४।१२ गते मंगलबार बिहान १० बजेदेखि।

**गोविन्द ज्ञवाली**
**प्रधानाध्यापक**
**कान्ति माध्यमिक विद्यालय**
**सम्पर्क : ९८५७०७३१३५**

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२




सुकुम्वासीको उचित व्यवस्थापनको मागसहित काठमाडौंको माइतीघरमा प्रदर्शन गरिएको छ। संयुक्त राष्ट्रिय सुकुम्वासी मोर्चाको आयोजनामा सरोकारवालाहरू र सुकुम्वासीहरूले प्रदर्शन गरेका हुन्। उनीहरूले सरकारले सुकुम्वासीको व्यवस्थापन नगरेको आरोप लगाएका छन्। त्यस्तै केही व्यक्तिहरूलाई पक्राउ गरेको विषयमा विरोध गरेका छन्। पक्राउ परेकाहरूलाई विनाशर्त रिहा गर्न पनि उनीहरूको माग छ। अविरल वर्षापछि डुबानमा परेका कीर्तिपुरस्थित राधास्वामी होल्डिङ सेन्टरका ३१ परिवारका ८९ जनालाई खरिपाटी लगिएको छ। शनिबार र आइतबार बिहान गरेर सो संख्यामा सुकुम्वासीहरू खरिपाटी लगिएको हो। केहीलाई भने भक्तपुरकै बोडेमा स्थानान्तरण गरिएको छ। सरकारले थापाथलीलगायतका बागमती नदी किनारबाट सुकुम्वासी बस्ती हतार हतारमा हटाएको थियो। तर उनीहरूको व्यवस्थापन भने अझै हुन सकेको छैन।

# करोडौं लगानी बालुवामा पानी

**पोखरापाली-पण्डितपुर पर्यटकीय क्षेत्र सडकमा सामान्य वर्षा हुँदा पनि पानी जाम्ने गरेको छ।**



**गौरीशंकर जयसवाल**

*परासी*

पोखरापाली-पण्डितपुर सडकमा सामान्य वर्षा हुन साथ पानी जाम्ने गरेको छ। पश्चिम नवलपरासीको पण्डितपुर पर्यटकीय क्षेत्र जोड्ने सडक सामान्य वर्षा हुँदा पानी जामेको हो। करोडौं रुपैयाँ खर्च गरेर निर्माण गरिएको सडक बालुवामा पानी हाले जस्तो भएको स्थानीयहरूले बताएका छन। उनीहरू पोखरापाली-पण्डितपुर पर्यटकीय क्षेत्र जोड्ने सडक वर्षा हुन साथ पानी जम्नुमा ठेकेदारको चरम लपार्बाही देखिएको छ।

वर्षा हुन साथ पानी जम्ने ठेकेदार कम्पनीले गुणस्तरीय काम नगरेको र पिच सडक उकिने खतरा बढको स्थानीय भुवाल गुप्ताले बताए।

नवनिर्मित सडक कि कृत्रिम पोखरी भएको गुप्ताले बताए। उनले उचित निकासको व्यवस्था नहुँदा सडक नै पोखरीमा परिणत भएको भन्दै स्थानीयले निर्माण कम्पनी र सम्बन्धित निकायको लापर्बाहीप्रति तीव्र असन्तुष्टि पोखेका छन्। पोखरापाली-पण्डितपुर सडकमा सामान्य वर्षा हुनासाथ पानी जम्न थालेपछि निर्माण गुणस्तरमाथि गम्भीर प्रश्न उठेको छ।

उचित निकासको व्यवस्था नहुँदा सडक नै पोखरीमा परिणत भएको भन्दै स्थानीयले निर्माण कम्पनी र सम्बन्धित निकायको लापर्बाहीप्रति तीव्र असन्तुष्टि जनाएका छन्। उनीहरूले रामग्राम नगरपालिकामा पटक-पटक जानकारी गराउँदा समेत कुनै सुनुवाइ नभएको गुनासो गरेका छन्। यस विषयमा रामग्राम नगरपालिका बेखबर रहेको स्थानीयले जनाएका छन्।

करोडौं रुपैयाँ खर्च गरेर निर्माण गरिएको पोखरापाली-पण्डितपुर पर्यटकीय क्षेत्र सडकमा गुणस्तरीयतामाथि प्रश्न चिन्ह खडा भएको छ। अशिस आर्शिवाद जेभि त्रियोगि काठमाडौंले ४१ करोड ८६ लाख २१ हजार ठेक्का लिई निर्माण कार्य अन्तिम चरणमा रहेको छ।

# यी चारमध्ये कसले जित्ला विश्वकप उपाधि ?



बुटवल। फिफा विश्वकप २०२६ सबैभन्दा रोमाञ्चक चरणमा प्रवेश गरेको छ। क्वाटरफाइनलका खेल सकिएसँगै विश्व फूटबलको सर्वोच्च निकाय फिफाको वरीयतामा शीर्ष चार स्थान ओगट्न सफल टोली नै सेमिफाइनलमा पुगेका छन्।

यसले आगामी सेमिफाइनल भिडन्त निकै उच्च स्तरको र रोचक हुने देखिएको छ।

ताजा फिफा वरीयता अनुसार दुई स्थान सुधार गर्दै शीर्ष स्थानमा उक्लिएको फ्रान्सले क्वाटरफाइनलमा मोरक्कोलाई २-० ले पराजित गर्दै सेमिफाइनलमा आफ्नो स्थान पक्का गरेको थियो।

अब फाइनल प्रवेशका लागि फ्रान्सले विश्व वरीयताको तेस्रो स्थानमा रहेको स्पेनको सामना गर्नेछ।

स्पेनले क्वाटरफाइनलमा बेल्जियमलाई २-१ को कठिन अन्तरले पराजित गर्दै अन्तिम चारमा स्थान बनाएको हो। यी दुई फूटबलका महारथीबीचको पहिलो सेमिफाइनल खेल आगामी बुधबार, जुलाई १५ मा हुनेछ।

त्यस्तै, अर्को सेमिफाइनलमा विश्व वरीयताको दोस्रो स्थानमा रहेको अर्जेन्टिना र चौथो स्थानमा रहेको इङ्ल्यान्डबीच महाभिडन्त हुने भएको छ।

आइतबार बिहान भएको खेलमा साविक विजेता अर्जेन्टिनाले स्विजरल्यान्डलाई ३-१ ले पाखा लगाउँदै सेमिफाइनल यात्रा तय गरेको हो।

अर्कोतर्फ, निकै लयमा देखिएको इङ्ल्यान्डले नर्वेलाई २-१ ले हराउँदै अन्तिम चारमा आफ्नो उपस्थिति जनाएको छ।

अर्जेन्टिना र इङ्ल्यान्डबीचको यो बहुप्रतीक्षित खेल आगामी बिहीबार, जुलाई १६ मा हुनेछ।

विश्वकपको इतिहासमा विरलै मात्र यस्तो संयोग जुर्ने गर्छ; जहाँ फिफा वरीयताका शीर्ष चार टोली नै अन्तिम चारमा पुग्छन्।

यसपटकको सेमिफाइनलमा पुगेका सबै टोली उच्च लयमा रहेका र विश्वप्रसिद्ध खेलाडीले भरिएका कारण फूटबल प्रेमीहरूले निकै प्रतिस्पर्धात्मक खेल हेर्न पाउने अपेक्षा गरिएको छ।

# ४९ जना कर्मचारी बर्खास्त

बुटवल। सरकारले समाज कल्याण परिषदले लोकसेवा उत्तीर्ण नगरी नियुक्त भएका ४९ जनालाई बर्खास्त गरेको छ। बर्खास्त हुनेहरुमा पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाका भतिजा विक्रमबहादुर देउवा, राष्ट्रपति रामचन्द्र पौडेलका भाञ्जीहरु दीक्षा आचार्य र सरला पोखरेल पनि छन्। साथै परिषद्ले नेकपा एमाले, काँग्रेस, तत्कालीन माओवादीका नेताको आड भरोसामा नियुक्त भएकाहरुलाई पनि हटाएको छ। परिषद्को सञ्चालक समितिको असार १६ को निर्णयअनुसार कर्मचारी हटाइएको हो। बर्खास्ती पर्नेमा प्रचण्डको सचिवालयका रमेश मल्लका भतिज लेखराज शाह तथा पूर्व उपराष्ट्रपति नन्दबहादुर पुनका पुत्र दीपेशका व्यवसायिक साझेदार साथी आनन्द थापा पनि रहेको परिषदका एक जना कर्मचारीले बताए। परिषद देशभरिका गैरसरकारी संस्थाहरुको नियामक निकाय हो। राष्ट्रिय तथा अन्तर्राष्ट्रि गैरसरकारी संस्थाहरु सञ्चालन, परियोजना, खर्चका विषयमा परिषदले नियमन गर्दै आएको छ।

परिषद्मा हुने अनियमितता र बेथितिबारे बालेन्द्र सरकारले सुरुदेखि चासो राख्दै आएको थियो। त्यसको नीतिगत 'रिफर्म' र कार्यशैली परिवर्तनका लागि नीतिगत परिवर्तनको उपाय खोजी गरिरहेको थियो। परिषद् सञ्चालक समिति बोर्ड अध्यक्ष हाल महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री सीता वादी अध्यक्ष छिन्। चक्रबहादुर बुढा सदस्य सचिव र राष्ट्रिय योजना आयोगका प्रतिनिधि सदस्य छन्। यो बाहेक एक जना विषय विज्ञ पनि बोर्ड सदस्य रहने प्रावधान छ। गत असार १६ को बोर्डक बैठकले कर्मचारी हटाउने निर्णय गरेको हो। परिषद बोर्डको निर्णयले जेनजी आन्दोलनपछि बनेको सुशीला कार्की सरकारले नियुक्त गरेका ३ जनालाई पनि बर्खास्त गरेको छ। त्यतिबेला सन्तोष श्रेष्ठले आईटी अफिसरको नियुक्ति पाएका थिए। अनु महर्जन र सिर्जना राजथलालाई पनि जागिरमा लगाइएको थियो।

समाज कल्याणको यो निर्णयबारे नेपालखबरले मन्त्री वादीको सचिवालय, सदस्य सचिव चक्रबहादुर बुढा र यो निर्णय प्रक्रियामा सहयोगी भूमिकामा रहेका एक जना कर्मचारीसँग कुराकानी गरेको थियो। दलीय आबद्धता वा नेतासँगको निकटता हेरेर कर्मचारी नहटाइएको उनीहरू बताउँछन्। 'बोर्डले ज्यालादारी, करार र अस्थायी कर्मचारीलाई हटाउने निर्णय गरेको हो। को कसको मान्छे हुन् भनेर चलाएको होइन, त्यो हामीलाई थाहा हुने कुरा पनि भएन।'-सदस्य सचिव चक्रबहादुर बुढाले भने।

करिब १०० जना कर्मचारी रहेको परिषद्मा आधा कर्मचारीलाई बिदा दिएपछि अब दैनिक काम कसरी चल्छ ? भन्ने प्रश्न उठेको छ। परिषद्मा निरन्तरको राजनीतिक नियुक्तिको प्रत्यक्ष असर स्थायी कर्मचारीलाई पनि परिरहेको थियो। कतिपय स्थायी कर्मचारी बढुवा हुने समय पूरा भइसके पनि माथिल्लो पद राजनीतिक नियुक्ति पाएकाहरुले ओगटेपछि लोकसेवा उत्तीर्ण कर्मचारीको पदोन्नति रोकिएको थियो। परिषद बोर्डले लोकसेवा उत्तीर्ण कर्मचारीलाई भने चलाइएको छैन, उनीहरु यथावत छन्। परिषद्मा निरन्तरको राजनीतिक नियुक्तिको प्रत्यक्ष असर स्थायी कर्मचारीलाई पनि परिरहेको थियो। कतिपय स्थायी कर्मचारी बढुवा हुने समय पूरा भइसके पनि माथिल्लो पद राजनीतिक नियुक्ति पाएकाहरुले ओगटेपछि लोकसेवा उत्तीर्ण कर्मचारीको पदोन्नति रोकिएको थियो। परिषद् बोर्डले लोकसेवा उत्तीर्ण कर्मचारीलाई भने चलाइएको छैन, उनीहरु यथावत छन्। पदमुक्त हुनेहरुलाई भने परिषद्ले चिठी दिन थालेको छ। पदमुक्त हुनेहरु चालकदेखि सहायक निर्देशक तहसम्मका छन्। महिला बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री सीता बादीको सचिवालयका अनुसार यो निर्णय प्रधानमन्त्री बालेन्द्र शाहसँगको समन्वयमै भएको हो। परिषद् खारेज गरेर नयाँ संरचना बनाउन सरकारले गृहकार्य गरिरहेछ। अर्थमन्त्री स्वर्णिम वाग्लेले संसदमा आर्थिक वर्ष २०८३/२०८४ को बजेट पेश गर्दा समाज कल्याण परिषदसहित ३१ निकाय खारेज गर्ने बताएका थिए।

सरकारले विकल्पका रुपमा गृह मन्त्रालयअन्तर्गत समाज कल्याण विभाग गठन गर्ने भने पनि अझैसम्म त्यो काम थालिएको छैन।

# रिचार्ज पोखरी निर्माणमा प्राथमिकता



अर्घाखाँची। वन क्षेत्रमा जलस्रोत संरक्षण तथा जलवायु परिवर्तनका असर न्यूनीकरण गर्ने उद्देश्यका साथ डिभिजन वन कार्यालय अर्घाखाँचीले आर्थिक वर्ष २०८२/०८३ मा विभिन्न स्थानमा रिचार्ज पोखरी निर्माणलाई प्राथमिकता दिएको छ। कार्यालयले सामुदायिक वन उपभोक्ता समूह तथा अन्य स्रोतहरूको साझेदारीमा विभिन्न प्रकृतिका १५ वटा रिचार्ज पोखरी निर्माण सम्पन्न गरेको जनाएको छ।

पाणिनि गाउँपालिका-४ को गहुखर्क वनक्षेत्र मा समुद्री सतहबाट करिब १,७०० मिटर उचाइमा निर्माण गरिएको नमूना रिचार्ज पोखरी अहिले आकर्षणको केन्द्र बनेको छ। प्राकृतिक सौन्दर्यले भरिपूर्ण वनक्षेत्रको बीचमा ढुङ्गाको बाँध निर्माण गरी तयार गरिएको उक्त पोखरीले जलस्रोत संरक्षणसँगै पर्यावरणीय सन्तुलन कायम गर्न महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास गरिएको छ।

डिभिजन वन कार्यालयका सूचना अधिकारी केशर खड्काका अनुसार उक्त स्थान विगतमा प्राकृतिक दहका रूपमा परिचित थियो। समयक्रममा दह सुकेपछि त्यस क्षेत्रमुनि रहेका मुहानहरूको पानीको मात्रा घट्दै गएको स्थानीयवासीको गुनासो बढेपछि कार्यालयले वर्षभरि पानी रहने गरी रिचार्ज पोखरी निर्माण गरेको हो। यस पोखरीको मुख्य उद्देश्य त्यस क्षेत्रका ७ वटा प्राकृतिक मुहानको संरक्षण गर्नु हो।

वर्षायाममा संकलित पानीलाई भूमिगत रूपमा पुनः रिचार्ज गराई जलस्रोतको दिगोपना कायम गर्ने उद्देश्यले निर्माण गरिएको पोखरीले मुहानहरूलाई पुनर्जीवित बनाउन महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ। रिचार्ज पोखरीबाट स्थानीय बासिन्दाले प्रयोग गर्ने पानीका स्रोत संरक्षण हुनुका साथै वन्यजन्तुका लागि समेत वर्षभरि पानीको उपलब्धता सुनिश्चित हुने विश्वास गरिएको छ। विशेष गरी सुख्खा मौसममा वन्यजन्तुले पानीको अभाव झेल्नुपर्ने समस्या न्यूनीकरण गर्न यस संरचनाले सहयोग पुग्ने अपेक्षा गरिएको छ। प्राकृतिक रूपमा अत्यन्त रमणीय स्थानमा निर्माण गरिएको उक्त पोखरीले पर्यापर्यटन प्रवर्द्धनमा समेत सकारात्मक प्रभाव पार्ने कार्यालयको विश्वास छ।

घना वनको बीचमा ढुङ्गाले व्यवस्थित रूपमा बाँध निर्माण गरी तयार गरिएको पोखरी, वरपरको हरियाली वातावरण र प्राकृतिक दृश्यावलोकनले यस क्षेत्रलाई थप आकर्षक बनाएको छ। डिभिजन वन कार्यालय अर्घाखाँचीले जलस्रोत संरक्षण, जैविक विविधताको प्रवर्द्धन तथा जलवायु परिवर्तन अनुकूलनका लागि आगामी वर्षहरूमा पनि यस्ता प्रकृतिमैत्री संरचनाहरू निर्माणलाई निरन्तरता दिने जनाएको छ।

# सैनामैना प्रेस क्लब र साइकल साथीबिच सहकार्य सम्झौता



सैनामैना। सैनामैना प्रेस क्लब र साइकल साथी सैनामैनाबिच विभिन्न कार्यक्रमहरूमा सहकार्य गर्ने उद्देश्यले आइतबार एक कार्यक्रमको आयोजना गरि सम्झौता पत्रमा हस्ताक्षर गरिएको छ।

सैनामैना प्रेस क्लबका अध्यक्ष दिपक न्यौपाने र साइकल साथी सैनामैनाका अध्यक्ष गगन रानाले संयुक्त रुपमा हस्ताक्षर गरेका हुन्।

सैनामैनामा आउँदो साउन १ र २ गते बृहत् रुपमा कोरा साइकल हुँदैछ। साउन १ गते कोरा साइकल रेस र सैनामैना २ हिलपार्कमा डष्टबिन स्थापना गर्ने कार्यक्रम रहेको छ भने २ गते बृहत् रुपमा साइकल कोरा हुँदैछ जसका निमित्त नाम दर्ता खुल्ला गरिएको छ।

सैनामैना ४ मुर्गिया लुम्बिनी गेटबाट सुरु भइ रिङ रोड परिक्रमा गर्ने कोरा साइकल करिब ५५ किलोमिटर यात्रा गर्नेछ। समापन समेत मुर्गिया दुर्गा मन्दिर आइ समापन गरिनेछ र समापन कार्यक्रममा साङ्गितिक कार्यक्रम समेत रहेको आयोजकले जनाएको छ।

सहकार्य सम्झौता कार्यक्रममा बोल्दै साइकल साथी सैनामैनाका अध्यक्ष गगन रानाले साइकल साथीले बिगत देखिनै सैनामैनाको चिनारीलाई प्रवर्द्धन गर्न विभिन्न कार्यक्रम गरि आएको भए पनि आम जनमानसमा कामहरु पुग्न नसकेको बताउँदै अब भने सैनामैना प्रेस क्लबसँगको सहकार्यमा सैनामैनालाई देशभर फरक पहिचानका साथ स्थापित गरिने बताए।

यस्तै सैनामैना प्रेस क्लबका अध्यक्ष दिपक न्यौपानेले साइकल साथीसँग अबका दिनमा समाचारसँगै सामाजिक गतिविधिहरुमा पनि सहकार्य गरिने जनाए। सम्झौतासँगै दुवै संस्थाले आगामी दिनमा कार्यक्रमहरू संयुक्त रूपमा सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्। कार्यक्रम साइकल साथी सैनामैनाका सचिव भुवन रावलको सञ्चालनमा सम्पन्न भएको हो।

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि

सधैं हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com